# संविधान निर्माण प्रक्रियाः सत्तापक्ष र प्रतिपक्षीको मोर्चाबन्दी

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** मंसीर १९, २०७१

संविधानका विवादित विषयमा सहमति जुटाउन पटक पटक समय दिँदा पनि सहमति जुटाउन संविधानसभा राजनीतिक संवाद तथा सहमति समिति अक्षम भयो । संवाद समितिका सभापति बाबुराम भट्टराईले सहमति जुटाउनका लागि भन्दै अत्यन्तै प्रयत्न गरेपनि उनको प्रयास बालुवामा पानी हाले सरह मात्र भएन, काँग्रेस र एमालेले अघि सारेको साझा प्रस्तावले गर्दा सत्तापक्ष र प्रतिपक्षीको छुट्टा छुट्टै मोर्चाबन्दी बन्यो । यसले संविधान निर्माणलाई सहज होइन कि थप असहज बनाइदियो । संविधानका विवादित विषयमा मुख्य तीन दल काँग्रेस, एमाले र एमाओवादीबीच पटक पटक वार्ता भएपनि उपलब्धी शुन्य प्रायः भयो । ठूला दलबीच वार्ता असफल भइरहेका बेला संयुक्त लोकतान्त्रिक मधेशी मोचालाई पुनः ब्यूताइयो ।

## काँग्रेस, एमालेको साझा प्रस्ताव, प्रतिपक्षीहरुको आपत्ति

संवाद समितिलाई सहमति जुटाउनका लागि संविधानसभाले कार्तिक १५ गतेसम्मको समय दिएको थियो । सो समयमा सहमति जुटन नसके अर्को दिन प्रश्नावली सहित प्रतिवेदन पेश गर्न संविधानसभाले निर्देशन दिएको थियो । अन्तिम पटक भन्दै संविधानसभाले म्याद दिएको भएपनि समितिले सहमति जुटाउन सकेन । त्यसपछि पनि १६ गतेकै मितिमा संवाद समितिले बैठकलाई निरन्तरता दियो । बैठकमा सभापति भट्टराईले राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड, शासकीय रुवरुप र निर्वाचन प्रणाली नै राज्यव्यवस्था र कुनै पनि संविधानको गुदीतत्व भएकाले यी विषयमा विगतका आन्दोलनकारी शक्तिहरुको बीचमा सहमति हुनैपर्ने बताए ।

'यी मुख्य विषयमा प्रमुख शक्तिहरु मिलेर अगाडि नबढ्ने हो भने विवाद र बहस शुरु भयो भने दीगो शान्ति, स्थायीत्व स्थापना हुन सक्दैन'[1]-भट्टराईको भनाइ थियो । त्यसको अर्को दिन कार्तिक १७ गते बसेको संवाद समितिको बैठकमा काँग्रेस, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, बहुजन शक्ति पार्टी र दुई जना स्वतन्त्र सभासद्ले संविधानका अन्तर्वस्तुबारे साझा अवधारणा पेश गरे । जसमा प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको नेता प्रधानमन्त्री हुने र उनै मुलुकको कार्यकारी प्रधानमन्त्री हुने, संघीय संसद एवं प्रादेशिक सभासद् सहितको निर्वाचक मण्डलबाट निर्वाचित संवैधानिक राष्ट्रपति, प्रतिनिधिसभा प्रत्यक्ष र राष्ट्रिय सभा पूर्ण समानुपातिक सिद्धान्तमा आधारित हुने, सर्वेच्च अदालत अभिलेख अदालतका रुपमा रहने, संविधानको अन्तिम व्याख्या गर्ने अन्तिम अधिकार पनि सर्वोच्च

[1] २०७१ साल पुष १६ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

अदालतलाई नै हुने लगायत उल्लेख थियो ।[2] यो प्रस्तावप्रति संवाद समितिका सभापति भट्टराई पनि सन्तुष्ट भएनन । भट्टराईले प्रस्तावले दलहरुबीच आशंका र दुरी बढाएको भन्दै आफूले द्वन्द्व रोक्न प्रयत्न गर्ने बताए ।[3]

एमाओवादी लगायतका राजनीतिक दलले साझा प्रस्तावप्रति आपत्ति जनाए । सत्तारुढ दलभित्र पनि यसको विरोध भयो । एमाले संसदीय दलको बैठकमा केही सभासद्हरुले संविधानका विवादित विषयमा पार्टीले छलफल नगरी अवधारणा अघि सारेको भन्दै आपत्ति जनाए ।[4] साझा प्रस्तावप्रति आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालले पनि आपत्ति जनायो । काँग्रेसमा पनि साझा प्रस्तावको विरोध भयो । तराई मधेशबाट प्रतिनिधित्व गरेका काँग्रेसका २२ जना सभासद्हरुले पार्टी सभापति समेत रहेका प्रधामन्त्री सुशील कोइरालालाई भेटी साझा प्रस्तावको विरोध गर्नुका साथै जनसंख्याका आधारमा प्रदेश विभाजन हुनुपर्ने माग गरे । उनीहरुले सात वटा प्रदेशमा सहमति हुने हो भने पूर्वमेचीदेखि पश्चिम महाकालीलाई समेटेर तीनवटा प्रदेश बनाउनुपर्ने र आठ प्रदेश बनाउने हो भने तराईमा चार प्रदेश बनाउन माग गरे ।[5]

त्यसपछि बसेको एमाओवादीको वैचारिक व्यवस्थापन समितिको बैठकले सदन, सडक र संवाद समितिबाट सत्तपक्षको भण्डाफोर गर्ने निर्णय गर्‍यो । मंसिर ३ गते बसेको एमाओवादी सहित विपक्षी २० दलको बैठकले साझा प्रस्तावले सहमतिको वातावरण बिथोलको निष्कर्ष निकाल्यो । 'अहिलेसम्म भएका क्रान्ति र आन्दोलनका उपलब्धीहरुलाई संस्थागत गर्न संविधानसभामार्फत संविधान जारी गर्ने नेपालको अन्तरिम संविधानको प्रस्तावना बमोजिम सहमतिको आधारमा संविधान निर्माणको प्रक्रिया अगाडि बढिरहेको अवस्थामा उपयरोक्त प्रस्तावले संविधानको मूल मर्म र भावना विपरित विगतमा भए गरेका सहमति र सम्झौताहरुलाई इनकार गर्दै संविधानसभा नियमावालीले निर्धारण गरेको विधि र प्रक्रियालाई उल्लंघन गर्दै संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा बलपूर्वक प्रवेश गराउन खोज्ने कार्यले बन्न लागेको सहमतिको वातावरणलाई बिथोल्ने कार्य गरेको हाम्रो ठहर छ'[6], बीस दलद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

त्यसपछि बसेको विपक्षी २२ दलीय मोर्चाको बैठकमा सहभागी नेताहरुले साझा प्रस्तावका कारण निर्धारित समयमा संविधान निर्माण हुन नसक्ने बताए । संवाद समितिका सभापति भट्टराईले दलहरुबीचको सहमति बेगर संवाद समितिमा देखिएको गतिरोध अन्त्य गर्न आफू असमर्थ रहेको बताउँदै दलहरुबीच सहमति भएपछि मात्र आफूले सोही बमोजिम प्रतिवेदन पठाउने स्पष्ट पारे ।[7] यही बेलामा मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले पनि संविधानका अन्तरवस्तु भन्दै

[2] नेपाली काँग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, बहुजन शक्ति पार्टी र स्वतन्त्र सभासदले संवधानसभा संवैधानिक राजनीतिक सहमति तथा संवाद समितिमा बुझाएको संविधानको अन्तर्वस्तु सम्बन्धी अवधारणा ।

[3] २०७१ साल कार्तिक १९ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति ।

[4] कार्तिक २०, २०७१ । कान्तिपुर टिभी ।

[5] राज्यपुनर्संरचनाका सम्बन्धमा तराई मधेशबाट प्रतिनिधित्व गर्ने सभासद्हरुले काँग्रेस सभापतिलाई बुझाएको ज्ञापनपत्र ।

[6] २०७१ साल मंसिर ३ गते बीस दलले जारी गरेको संयुक्त प्रेस विज्ञप्ति ।

[7] २०७१ साल मंसिर ८ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको निजी सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

लिम्बुवान, किरात, तामसालिङ, मगरात, नेवा, नारायणी तमुवान, तराई⁄मधेश र कर्णाली खसान प्रदेश सहितको अवधारणा सार्वजनिक गरे ।[8]

## छलफलमा लाने कि नलाने

कार्तिक १८ गतेको बैठकमा काँग्रेस र एमालेले अघि सारेको प्रस्तावलाई कसरी अघि बढाउने भन्नेमा छलफल भएपनि सहमति हुन सकेन । त्यसपछि भट्टराईले संवाद समितिको बैठक बोलाउन आनाकानी गरे । आफूहरुको आग्रहलाई भट्टराईले सुनेको नसुने झैं गरेपछि आक्रोशित भएका काँग्रेस र एमालेले संयुक्त पत्रकार सम्मेलन गरी साझा अवधारणलाई संविधानसभामा छलफल गर्न पाउनुपर्ने माग गरे । त्यस अतिरिक्त काँग्रेस, एमाले, राप्रपा, बहुजन शक्ति पार्टी र स्वतन्त्र सभासद्हरुले संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरी नियमावली र कार्यतालिका अनुरुप अगाडि नबढी संविधान निर्माणको प्रक्रियालाई रोकिराख्नु देशको आवश्यकता, जनताको भावना, संविधानसभाको मर्यादा र राजनीतिक दलहरुको देशप्रतिको कर्तव्य अनुकूल नहुने भएकोले हामीले संविधान निर्माणको प्रक्रियालाई अघि बढाऔं भन्नेमा जोड दिए । साथै देश, जनता र लोकतन्त्रप्रतिको निष्ठायुक्त अडानबाट 'द्वन्द्व'को सिर्जना हुने वा 'मुठभेठ'को स्थिति सिर्जना हुने भनी प्रचार गर्नु अनुचित हुन्छ भने ।[9]

संवाद समितिका सभापति भट्टराईले भने संविधानसभामा प्रतिवेदन पठाउनका लागि पनि दलहरुबीच सहमति हुनुपर्ने जिकिर गरे । नियमावलीले समितिलाई सबै कुरा समितिमा मात्रै निर्णय गर्न मात्रै अधिकार दिएको भन्दै संवाद समितिका सभापति भट्टराईले विषयवस्तुमा सहमति हुन सक्दैन भने प्रक्रियामा त सहमति हुनुपर्नेमा जोड दिए । 'कुन ढंगको प्रतिवेदन पठाउने, त्यसपछि कसरी अगाडि बढ्ने भन्ने विषयमा दलहरुको बीचमा सहमति भएन भने निर्णय गर्न गाह्रो हुन्छ । त्यसैले शिर्ष नेताहरु नै बसेर तपाईहरुले निर्णय गरिदिनुस भनेर उहाँहरुलाई आग्रह गरेको थिए तर त्यसमा पनि सहमति हुन सकेन'[10]-भट्टराईले बताएका थिए । तर, भट्टराईको भूमिकाप्रति एमाले अध्यक्ष ओलीले असन्तुष्टि जनाए । 'उहाँको भूमिका समिति सभापति जस्तो होइन, पार्टी कार्यकर्ता जस्तो देखियो । आफ्नो पार्टीको स्वार्थलाई देशको स्वार्थ भन्दा माथि राख्ने, देशको स्वार्थ अल्झाउने, संविधान निर्माणको स्वार्थ अल्झाउने प्रयास भइरहेको छ'[11]-भट्टराईको भूमिका बारे ओलीको टिप्पणी थियो ।

जति छलफल गर्दा पनि साझा प्रस्तावबारे सहमति जुट्ने सम्भावना पनि नरहेको र छलफलका लागि संविधानसभामा पेश हुने सम्भावना नदेखेपछि साझा प्रस्तावलाई संविधानसभामा पेश गराउन थप दबाव सिर्जना गर्न भन्दै संवाद समितिमा रहेका काँग्रेस, एमाले लगायतका सदस्यहरुले हस्ताक्षर अभियान शुरु गरे । साझा प्रस्तावलाई छलफलका लागि अघि बढाउन भन्दै संवाद समितिमा रहेका ४३

[8] २०७१ साल मंसिर १४ गते मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधानका अन्तरवस्तुबारे संवाद समितिमा पेश गरेको अवधारणापत्र ।

[9] २०७१ साल कार्तिक २३ गते नेपाली काँग्रेस, नेकपा एमाले, राप्रपा, बहुजन शक्ति पार्टी र दुई जना स्वतन्त्र सभासद्ले प्रकाशित गरेको संयुक्त प्रेस विज्ञप्ति ।

[10] २०७१ साल कार्तिक २५ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

[11] नेपाल, बालकुमार । मंसिर १, २०७१ । 'भट्टराईलाई छान्नु गलत' । अन्नपूर्ण पोष्ट, पृ.१ ।

जना सभासद्हरुले सभापति भट्टराईलाई हस्ताक्षर बुझाए । पत्रमा काँग्रेस एमाले सहितका समितिमा रहेका ७१ सभासद् मध्ये ४३ सभासद्ले  हस्ताक्षर गरेका थिए ।[12]

संवाद समितिको सभापति भट्टराईले सत्तामा रहेका दलहरुका गतिविधिले संविधान निर्माणको वातावरणलाई थप असहज बनाएको टिप्पणी गरे ।[13] उनले दलहरुसँग छलफल गरी सकेसम्म प्रक्रियामा नभए विभिन्न विषयमा बहस छलफलहरु भए तर सहमति हुन सकेन भन्ने व्यहोरा प्रतिवेदनमा राख्ने, सहमतिका क्रममा विभिन्न दलहरुबाट विभिन्न अवधारणाहरु प्रस्तुत भएका छन् र त्यसलाई अनुसूचीका रुपमा यसैसाथ संलग्न गरिएको छ भनेर प्रस्ताव राखेका थिए । तर त्यसमा नेताहरु सहमत भएनन ।[14] थप दबाब बढ्न थालेपछि भने उनले संवाद समितिको बैठक अनिश्चित कालका लागि स्थगित गरिदिए ।[15] भट्राईको तर्क थियो -'जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्ने प्रयत्न गर्दागर्दै सभापतिकै भूमिकामाथि प्रश्न चिन्ह लाग्ने गरी जन एउटा पत्र प्रस्तुत गरिएको छ यसको वृहत राजनीतिक, कानूनी असर के हुन्छ, परिणाम के हुन्छ यसको समग्र अध्ययन नगरिकन मैले आफ्नो अध्यक्षतामा बैठक राख्नु उपयुक्त हुदैन्थ्यो । त्यसैले यी सबै पक्षमा जानकार, वित्रहरुसँग, कानूनविदहरुसँग सरसल्लाह गरेर आगामी कदम कसरी अगाडि बढाउने भन्ने निर्णयमा पुग्ने सचोका साथ बैठकलाई स्थगित गरेको छु ।'[16] उता मंसिर १ गते बसेको विपक्षी २२ दलीय मोर्चाको बैठकले काँग्रेस र एमालेको साझा प्रस्ताव संवाद समितिमा पेश गर्न नमिल्ने निष्कर्ष निकाल्यो । मंसिर १३ गते बसेको संघीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको बैठकले विवादित विषयमा तत्काल सहमति नभए माघ ८ गते संविधान जारी हुन नसक्ने निष्कर्ष निकाल्यो ।

## भट्टराईको सकियता

संवाद समितिका सभापति भट्टराईले संवाद समितिको बैठक बोलाउनु भन्दा संविधानबारे प्राध्यापक र बुद्धिजिवीसँग परामर्श गरे । उनले प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष ओली लगायतका नेताहरुसँग छुट्टा छुट्टै भेट गरेर सहमतिका लागि वातावरण बनाइदिने आग्रह गरे । भट्टराईले काँग्रेस र एमालेको प्रस्ताव ठीक कि बेठिक भन्ने शैलीले छलफलको श्रृंखला नै चलाए । मंसिर २ गते एमाओवादी निकट कानून व्यवसायीहरुसँग छलफल चलाए । उनीहरुले काँग्रेस र एमालेको प्रस्ताव संविधानसभा नियमावाली विपरित रहेको बताए ।[17] त्यस अतिरिक्त भट्टराईले संविधानसभाका अध्यक्ष सुवास चन्द्र नेम्वाङ, राप्रपका नेता सूर्यबहादुर थापासँग भेट गरी सहमतिको वातावरण बनाइदिन आग्रह गरे ।

## दलहरुको असफल प्रयास

[12] बुढाथोकी, विष्णु । ४३ सभासद्ले बाबुरामलाई बुझाए हस्ताक्षर सहितको पत्र । Retrieved December 4, 2014 from http://setopati.com/raajneeti/20132/

[13] २०७१ साल मंसिर १ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

[14] २०७१ साल मंसिर १ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

[15] मंसिर १, २०७१ । कान्तिपुर टिभी ।

[16] २०७१ साल मंसिर १ गते संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईको सचिवालयले प्रकाशित गरेको प्रेस विज्ञप्ति

[17] मंसिर २, २०७१ । कान्तिपुर टिभी ।

संविधानका विवादित विषयमा सहमति जुटाउन भन्दै काँग्रेस, एमाले र एमाओवादीले वार्तालाई तीव्रता दिए । कार्तिक २० गते दुई पटक वार्ता गरे । तर, प्रगति भने शुन्य प्रायः भयो । त्यस अतिरिक्ति दलहरुबीच दुई पक्षिय वार्ता पनि भयो । एमाले अध्यक्ष केपीशर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच पनि छलफल भयो । यही क्रममा एमाओवादीका नेताहरु भट्टराई र नारायणकाजीले पत्रकार सम्मेलन गरी आफूहरु दश प्रदेशबाट लचक हुन तयार रहेको बताए । राजनीतिक दलहरुबीच संविधानका विषयमात्र होइन, संवाद समितिमा पेश भएको काँग्रेस र एमालेको प्रस्तावलाई के गर्ने भन्ने बारे पनि छलफल भयो । यसबारे कार्तिक २८ गते काँग्रेस, एमाले र एमाओवादीबीच छलफल भएपनि सहमति हुन सकेन । संवाद समितिमा देखा परेको अन्योलबारे एमाले र एमाओवादीबीच पनि छलफल भयो । तीन दलबीच साझा प्रस्तावलाई अघि बढाउने कि नबढाउने भन्नेमा विवाद जारी रहेका बेला एमालेले मंसिर १ गते मधेशवादी दलहरुसँग छलफल गर्‍यो । एमालेले संविधानसभामा पेश भएको प्रस्ताव अघि बढाउन सहयोगका लागि मधेशवादी दलहरुलाई आग्रह गर्‍यो ।

संविधानसभाका अध्यक्ष नेम्वाङ सहित काँग्रेस, एमाले र एमाओवादीको बैठक बालुवाटारस्थित प्रधानमन्त्री निवासमा बस्यो । बैठकमा लामो समयदेखि दलहरुबीच देखा परेको विवाद समाधान गर्नेबारे सहमति भएको नेताहरुले बताए । बैठकमा समितिमा आएका सबै दलका अवधारणालाई जस्ताको तस्तै संविधानसभामा पठाउने सहमति भएको काँग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाको भनाइ थियो ।[18] संवाद समितिमा सभापति भट्टराईका अनुसार प्रस्ताव मतदानका लागि नभइ छलफलका लागि पठाइने भएको हो । अन्तरवस्तुमा सहमति भएको होइन । यताका समस्या उता संविधानसभमा पठाउने कुरा मात्र भएको हो ।[19] त्यसको अर्को दिन एमाओवादी सहित विपक्षी २० दलको बैठक बस्यो । जसले संविधानका विवादित विषय सहित काँग्रेस र एमालेको साझा प्रस्तावलाई अनुसूचीमा मात्र राखेर लैजानुपर्ने निर्णय गर्‍यो ।

अघिल्लो दिन भएको भनिएको छलफलमा आफ्नो भूमिकाबारे बचाउ गर्दै एमाओवादी अध्यक्ष दाहालले भने-‘हामीले प्रतिवेदनको अनुसूचीमा फरक मत राखौं भनेका थियौं, उहाँहरु प्रतिवेदनमै समावेश गरौं, अनुसूचीमा नलेखौं भन्नेमा हुनुहुन्थ्यो ।’ यसको प्रतिवाद गर्दै एमाले उपमहासचिव विष्णु पौडेलले भने, ‘प्रचण्डजीले २० दललाई निर्णय जानकारी गराउँछु भन्नु भएको हो, आज कन्भिन्स गर्न सकिनँ, आफैं कन्भिन्स भएर आएँ भन्नुभयो ।’[20] त्यसपछि एमाओवादी अध्यक्ष दाहाल पछि हटे र भएको सहमति भाँडिन पुग्यो । र, सोही दिनका लागि तय गरिएको संवाद समितिको बैठक समेत बस्न सकेन । राजनीतिक गतिरोध हटाउन र संविधानका विवादित विषयमा सहमति जुटाउन भन्दै मंसिर १२ र १३ गते काँग्रेस, एमाले र एमाओवादीको बैठक भएपनि सहमतिमा पुग्न उनीहरु असफल भए ।

## विदेशीलाई जानकारी

[18] बिसी, गंगा र न्यौपाने, कुलचन्द्र । मंसिर ७, २०७० । संविधानसभामा सबै प्रस्ताव लगिने । कान्तिपुर, पृ.१ ।

[19] पाण्डे, बलराम । मंसिर ८, २०७१ । सहमति उल्टियो । नागरिक, प.१ ।

[20] पाण्डे, बलराम । मंसिर ८, २०७१ । सहमति उल्टियो । नागरिक, प.१ ।

साझा प्रस्ताव अघि सारेपछि सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच दुरी अझ बढ्यो । संविधान निर्माण प्रकृयामा अवरोध भइरहेका बेला युरोपेली यूनियन, स्वीजरल्याण्ड र नर्वेका राजदूतहरुले संयुक्त विज्ञप्ति जारी गरी माघ ८ गते भित्रै संविधान जारी गर्न सुझाव दिए । 'नेतृत्वको उदारता र सम्झौताका लागि इच्छा शक्ति आवश्यक पर्छ । नेपालको संविधान कस्तो हुनुपर्छ हामीले भन्ने होइन । त्यसको जिम्मा नेपालको संविधानसभाको हो'[21]-उनीहरुले संयुक्त प्रेस विज्ञप्ति जारी गरी भनेका थिए ।

संविधान निर्माण प्रकृयाबारे विदेशीको समेत चासो रहेकाले राजनीतिक दलहरुले विदेशीलाई पनि किन यस्तो प्रस्ताव ल्याउनु पऱ्यो भन्नेबारे स्पष्ट पार्न चाहे । सोही क्रममा कार्तिक २६ गते काँग्रेस र एमालेले आफ्नो प्रस्तावबारे नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरुलाई जानकारी गराए । उनीहरुले एमाओवादीका कारण संविधान निर्माण प्रकृयामै अवरोध भइरहेको जानकारी गराएका थिए ।[22] त्यसको सिको गर्दै विपक्षी २२ दलिय मोर्चाले पनि मंसिर ३ गते नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरुलाई जानकारी गरायो ।

## ब्युँताइयो मोर्चालाई

सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच सहमति नभइरहेका बेला तराई मधेश केन्द्रीत दलहरु पुनः संगठीत हुन थाले । कार्तिक २७ गते बसेको उनीहरुको बैठकले संघीयता र पहिचान सहितको संविधान जारी नभएसम्म सरकारमा सहभागी नहुने निर्णय गऱ्यो ।[23] काँग्रेस र एमालेका नेताहरु एमाओवादी नेतृत्वको मोर्चाबाट अलग गरी तराई मधेश केन्द्रीत दलहरुलाई सरकारमा सहभागी गराउन सकृय भएका बेला मोर्चाले संविधान जारी नभएसम्म सरकारमा सहभागी नहुने निर्णय गरेको हो । मंसिर ८ गते बसेको तराई मधेश केन्द्रीत दलहरुको बैठकले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चालाई पुनः सक्रिय बनाउने निर्णय गऱ्यो ।

## मोदी तरङ्ग

नेपालमा संविधान निर्माण प्रकृयामा सहमतिका आधारमा अघि बढने कि दुई तिहाइका आधारमा भन्ने बारे राजनीतिक दलहरुबीच विवाद जारी रहेका बेला दक्षिण एसियाली सहयोग संगठन(सार्क)को १८ औं शिखर सम्मेलनमा भाग लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आए । सम्मेलनका एक दिन अघि ट्रमा सेन्टरको उद्घाटन कार्यक्रममा बोल्दै संविधान सबैका साझा हुनु पर्ने र सहमतिमा नै बन्नुपर्ने जोड दिए । 'सहमतिमा संविधान बनाउँदा मात्र नेपाललाई फाइदा हुन्छ, संख्याका आधारमा संविधान निर्माण गर्दा हित गर्दैन'[24]-मोदीले भने । त्यसपछि मोदीको भनाइलाई राजनीतिक दलहरुले आ-आफ्नो अनुकुल व्याख्या गर्न थाले । मोदीले पार्टीका नेताहरुसँगको दुईपक्षिय भेटमा पनि संविधान निर्माण गर्न

[21] 'माघ ८ नकटाउनुहोस्' । कार्तिक २१, २०७१ । कान्तिपुर, पृ.१ ।

[22] अन्तराष्ट्रिय समर्थन खोज्दै सत्तारुढ दलहरु । कार्तिक २७, २०७१ । कान्तिपुर, पृ.१ ।

[23] मधेशवादी दल कोइराला नेतृत्वको सरकारमा नजाने । Retrieved December 4, 2014 from http://setopati.com/raajneeti/19963/

[24] संख्या होइन, सहमति : मोदी । मंसिर १०, २०७१ । अन्नपूर्ण पोष्ट, पृ. १ ।

सुझाव दिए । एमाले अध्यक्ष ओलीसँगको भेटघाटमा मोदीले संविधान जारी भएपछि मात्र मुलुकको आर्थिक समृतिको ढोका खुल्ने हुँदा निर्धारित समयमा संविधान जारी गर्दा राम्रो हुने बताए ।[25]

### फुट्यो माओवादी

अब कसरी अघि बढ्ने भन्नेबारे नेकपा माओवादीको विवाद उत्कर्षमा पुग्यो । एउटा धारको नेतृत्व अध्यक्ष मोहन बैद्यले गरे भने अर्को धारको नेतृत्व सचिव नेत्रविक्रम चन्दले । चन्द समूहले कार्तिक २४ गतेको पोलिट्ब्यूरो बैठक बहिस्कार गऱ्यो । सो बैठकले पार्टीलाई केन्द्रीकृत र एकीकृत गर्नुपर्ने वर्तमान आवश्यकता रहेको सन्दर्भमा केही जिम्मेवार नेताले पार्टी पद्धति विपरीत अलग ढङ्गले गतिविधि गरिरहेकोले गतिविधिहरु तत्काल बन्द गरी पार्टीलाई एकताबद्ध तुल्याउन निर्देशन दियो ।[26]

सो समूहले कपिलवस्तुमा कार्तिक २६ गते छुट्टै भेला आयोजना गऱ्यो । त्यसपछि बसेको नेकपा माओवादीको केन्द्रीय समितिको बैठकले पार्टी लाइन विपरित सार्वजनिक अभिव्यक्ति दिने, स्थायी समिति, पिबी र केन्द्रीय समितिका बैठक बहिस्कार गर्ने, गुटगत भेला र पत्रकार सम्मेलन गर्ने जस्ता फुटपरस्त र पार्टी विरोधी गतिविधिमा संलग्न भएको आरोप लगाउँदै सचिव चन्द, खडगबहादुर विश्वकर्मा लगायतलाई स्पष्टिकरण माग्ने निर्णय गऱ्यो ।[27] तरपनि माओवादीभित्र बढ्दै गएको विवाद साम्य भएन । बरु मंसिर ८ गते सचिव चन्दले माओवादीका अध्यक्ष मोहन बैद्यसँग सम्बन्ध विच्छेद भएको घोषणा गरे । त्यसपछि चन्द पक्षले चितवनमा केन्द्रीय सदस्यहरुको बैठक गऱ्यो । र, अन्तत : मंसिर १२ गते पार्टीको नाम नेकपा माओवादी राख्ने र त्यसको संयोजकमा चन्दलाई चयन गऱ्यो । त्यसको अर्को दिन नेकपा माओवादीका अध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले संयुक्त प्रेस विज्ञप्ति जारी गरी विप्लवको नेतृत्वमा पार्टीमा पैदा हुँदै गएका गुट तथा फुटपरस्त क्रियाकलाप र कपिलवस्तुसहित विभिन्न स्थानमा सञ्चालित गरिँदै आएका भेला लगायतका गतिविधि र एकीकृत क्रान्तिको सिद्धान्तसम्बन्धी भिन्न मतको विचारलाई पार्टी निर्णयविपरीत सङ्घर्षको नाराका रुपमा सार्वजनिक गरिएकोमा यसप्रकारका गतिविधिमा प्रकट भएको प्रवृत्तिलाई अराजकतावादी व्यक्तिवाद, निषेधात्मक द्वन्द्ववाद, अनुभववादसहित समग्रमा वाम रुपमा अभिव्यक्त दक्षिणपन्थी अवसरवादउन्मुख कमजोरी भएको बताए ।[28] महासचिव थापाले चन्दले पदमा लागि पार्टी फुटाएको आरोप लगाए ।[29]

### न्यायाधीशहरुको घोषणापत्र

न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलनले नयाँ संविधानमा संवैधानिक अदालत आवश्यक नरहेको लगायतका प्रस्तावहरु पारित गऱ्यो । मुख्य प्रतिपक्षी दल एमाओवादीले संवैधानिक अदालत गठनको आवश्यकतामा जोड दिँदै आइरहेका बेला सम्मेलनले नेपालमा यसको आवश्यकता नरहेको निष्कर्ष निकाल्यो । ‘न्यायमा जनताको पहुँच अभिवृद्धिको लागि न्यायलाई विकेन्द्रीकृत गर्ने भन्ने संविधानसभाको आफ्नो मान्यता विपरित हुने गरी संवैधानिक अदालतको प्रयोगलाई नेपालको संवैधानिक विकासको

[25] २०७१ साल कार्तिक २२ गते नेकपा एमालेले जारी गरेको प्रेस विज्ञप्ति ।

[26] २०७१ साल कार्तिक २५ गते नेकपा माओवादीका अध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले संयुक्त रुपमा जारी गरेको प्रेस विज्ञप्ति ।

[27] २०७१ साल कार्तिक ३० गते नेकपा माओवादीले जारी गरेको प्रेस विज्ञप्ति ।

[28] २०७१ साल मंसिर १३ गते नेकपा माओवादीका अध्यक्ष मोहन बैद्य र महासचिव रामबहादुर थापाले जारी गरेको प्रेस विज्ञप्ति ।

[29] पदका लागि चन्दले पार्टी फुटाए- महासचिव थापा । http://setopati.com/raajneeti/20756/

इतिहास र न्यायीक पद्धतिको कार्यान्वयनको अनुभवको पृष्ठभूमीमा उपयुक्त र व्यावहारिक देखिदैन, घोषणापत्रमा उल्लेख गरिएको थियो-त्यसैकारण संवैधानिक अदालतको आवश्यकता छैन । यसको सट्टा सर्वोच्च अदालतमा नै स्थायी प्रकृतिको संवैधानिक इजलास रहने व्यवस्था गरिनुपर्दछ ।'[30]

प्रधानन्यायाधीशमा नियुक्ति हुनको लागि कुनै निश्चित अवधि बाधक हुनु हुँदैन भन्दै सम्मेलनले कुनै निश्चित सिद्धान्त भन्दा पनि न्यायपालिकामाथि नियन्त्रण गर्ने, अमुक व्यक्तिलाई प्रधानन्यायाधीश हुन नदिने जस्ता निहित विचारले संविधानमा कुनै स्थान पाउनु हुँदैन भन्ने प्रस्ताव पारित गऱ्यो । 'माथिल्लो तहको अदालतमा न्यायाधीशको नियुक्ति गर्दा निश्चित अवधि तल्लो अदालतमा काम गरी प्रतिष्ठा आर्जना गरेका न्यायाधीश, न्याय सेवाका अनुभवी वरिष्ठ अधिकृत, लामो समयदेखि निरन्तर कानून व्यवसाय गरी उच्च प्रतिष्ठा आर्जन गरेका कानून व्यवसायी वा कानून र न्यायको क्षेत्रमा विशेष योगदान पुऱ्याएका विशिष्ट कानूनविद्हरु मध्येबाट मात्र नियुक्त गर्ने पद्धति कठोरतापूर्वक पालना गरिनु आवश्यक छ'[31]-घोषणापत्रमा उल्लेख गरियो । तर न्यायाधीश सम्मेलनको घोषणाप्रति नेपाल बार एशोसियसनसले भने आपत्ति जनायो । प्रेस विज्ञप्ति जारी गरी बारले घोषणपत्रका कतिपय बुँदाहरु स्वतन्त्र, सक्षम र प्रभावकारी न्यायपालकिाका प्रतिकूलका प्रवाधानहरु समावेश गरिएको बारको भनाइ रह्यो ।[32]

## निष्कर्ष

दिइएको चार पटकको समयमा समेत संविधानका विवादित विषयमा सहमति जुटाउन असफल भएकाले संविधानसभा राजनीतिक संवाद तथा सहमति समितिको सामार्थ्यमाथि प्रश्न उठ्यो । संविधानसभाले दिएको जिम्मेवारी अनुसार संवैधानिक समितिले नै संविधानका विवादित विषयमा सहमति जुटाउनुपर्ने हो । त्यसमा असफल भएपछि समिति काँग्रेस, एमाले र एमाओवादीमा भर पऱ्यो । तर, उनीहरुबीच पनि सहमति जुटन सकेन । संविधानका विवादित विषयमा मात्र नभइ काँग्रेस, एमाले लगायतका दलहरुले पेश गरेको साझा अवधारणालाई के गर्ने भन्नेमा पनि दलहरु निष्कर्षमा पुग्न सकेनन । आ-आफ्नो अनुकुल व्याख्या गर्ने प्रयास गर्दा संवाद समितिको प्रतिवेदन संविधानसभामा समेत पेश हुन सकेन ।

काँग्रेस, एमाले र एमाओवादीबीच सहमतिको भन्दा पनि दबाब, धम्की र तिकडमको राजनीति हाबी भयो । काँग्रेस र एमालेले आफूहरुले पेश गरेको प्रस्ताव संविधानसभामा लगि निर्वाचन गराउने पक्षमा भरमजदुर प्रयास गरे । संविधानसभामा मतदानको हुने अवस्था आए आफ्नो स्थिति कमजोर हुने आंकलन गरी एमाओवादी र तराई मधेश केन्द्रीत राजनीतिक दलहरु त्यसलाई जसरी पनि राक्ने पक्षमा लागे । सत्तापक्ष जसरी पनि अघि बढाउन चाहने र प्रतिपक्षी दलहरुले त्यसलाई रोक्ने प्रयासमा लाग्दा अब कसरी अघि बढ्ने भन्ने समेत टुंगो लाग्न सकेन । जसले गर्दा संविधानसभाले समेत काम पाउन सकेन ।

[30] २०७१ साल मंसिर ३ गते न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव ।

[31] २०७१ साल मंसिर ३ गते न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव ।

[32] २०७१ साल मंसिर ५ गते नेपाल बार एशोसियसनले जारी गरेको प्रेस विज्ञप्ति ।

त्यतिमात्र होइन, राजनीतिक दलहरुबीच धुव्रीकरण बढ्दै जाँदा विदेशीको समर्थन आफ्नो पक्षमा जुटाउने होडबाजी चल्यो । काँग्रेस र एमालेले एमाओवादी लगायतका दलहरुले गर्दा संविधान निर्माण हुन नसेकेको सुनायो भने एमाओवादी लगायतका दलहरुले काँग्रेस र एमालेले गर्दा । आन्तरिक राजनीतिबारे विदेशीलाई जानकारी गराउँदा आफूहरु नै कमजोर भइन्छ भन्ने पक्षमा दलहरुले पटक्कै ध्यान दिएनन । छलफल र बैठक गरिरहने तर सहमतिमा पुग्न नसक्दा सबै प्रकृया पुऱ्याएर माघ ८ गते संविधान जारी हुने सम्भावना झन् झन् टर्दै गयो ।

## मुख्य राजनीतिक घटनाक्रम

### कार्तिक १५

काँग्रेस, एमाले र एमाओवादीका नेताहरुको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउनका लागि थप समय नमाग्ने निर्णय ।

दिइएको तेस्रो पटकमा पनि संविधानका विवादित विषयमा सहमति जुटाउन संवैधानिक राजनीतिक संवाद तथा सहमति असफल ।

### कार्तिक १६

संविधानका विवावित विषयलाई संविधानसभामा पेश गर्नेबारे मुख्य राजनीतिक दलहरुबीच छलफल । काँग्रेस र एमालेद्वारा ६ प्रदेशको साझा प्रस्ताव ल्याउने तयारी । एमाओवादीद्वारा आपत्ति ।

### कार्तिक १७

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । काँग्रेस, एमाले लगायतका दलहरुले साझा अवधारणा पेश । त्यसलाई समितिले कसरी पेश गर्ने भन्नेबारे दलहरुबीच विवाद ।

### कार्तिक १८

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । विवादित विषयबारे काँग्रेस, एमाले लगायतका दलहरुले पेश गरेको प्रस्तावलाई कसरी अघि बढाउने भन्नेमा दलहरुबीच सहमति हुन सकेन ।

### कार्तिक १९

काँग्रेस र एमालेको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक तत्काल बोलाउन सभापति बाबुराम भट्टराईलाई आग्रह ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा प्राध्यापक र बुद्धिजिवीसँग परामर्श ।

**कार्तिक २०**

संविधानका विवादित विषयमा मुख्य राजनीतिक दलहरुबीच दुईपटक वार्ता । प्रगति शुन्य प्राय ।

एमाले संसदीय दलको बैठक । संविधानका विवादित विषयमा पार्टीले छलफल नगरी अवधारणा अघि सारेको भन्दै सभासद्हरुको आपत्ति ।

एमाले र काँग्रेसको साझा प्रस्तावमा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालको आपत्ति ।

**कार्तिक २१**

युरोपेली मुलुकका नेपालस्थिति प्रतिनिधिहरुको संयुक्त प्रेस विज्ञप्ति । संविधान जारी गर्ने समय माघ ८ गते नकटाउन आग्रह ।

**कार्तिक २२**

एमाले अध्यक्ष केपीशर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपाल पक्षबीच विवाद । केन्द्रीय कमिटीको बैठक मंसिर २२ गतेसम्मका लागि स्थगित ।

एमाले अध्यक्ष केपीशर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता । संविधानका अन्तरवस्तुबारे छलफल ।

**कार्तिक २३**

काँग्रेस र एमालेको संयुक्त पत्रकार सम्मेलन । साझा अवधारणाबारे संविधानसभामा छलफल गर्न पाउनुपर्ने माग ।

तराई मधेशबाट प्रतिनिधित्व गरेका काँग्रेसका २२ जना सभासद्द्वारा काँग्रेस र एमालेले अघि सारेको साझा प्रस्तावप्रति विरोध । जनसंख्याको आधारमा प्रदेश विभाजन हुनुपर्ने माग ।

व्यवस्थापिका संसदको चालू अधिवेशन समाप्त ।

**कार्तिक २४**

नेकपा माओवादीको पोलिट्ब्यूरो बैठक । सचिव नेत्रविक्रम चन्द पक्षद्वारा बहिस्कार ।

**कार्तिक २५**

नेकपा माओवादीका सविच नेत्रविक्रम चन्दद्वारा छुट्टै भेला आह्वान ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । काँग्रेस, एमाले लगायतका दलहरुले पेश गरेको प्रस्तावलाई समितिमा छलफल गर्ने कि नगर्ने भन्नेमा विवाद ।

**कार्तिक २६**

काँग्रेस र एमालेद्वारा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पेश गरेको साझा प्रस्तावबारे नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरुलाई जानकारी ।

नेकपा माओवादीका सचिव नेत्रविक्रम चन्द पक्षको कपिलवस्तुमा छुट्टै भेला ।

**कार्तिक २७**

एमाओवादीद्वारा पत्रकार सम्मेलन । सहमतिमा संविधान निर्माणका लागि १० प्रदेशको अडानबाट लचक हुन सक्ने भनाइ ।

नेपाल विद्यार्थी संघको महाधिवेशन सातौ पटक स्थगित ।

तराई मधेश केन्दीत दलहरु सहभागी रहेको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठक । संघीयता र पहिचान सहितको संविधान जारी नभएसम्म सरकारमा सहभागी नहुने निर्णय ।

**कार्तिक २८**

काँग्रेस, एमाले र एमाओवादीको बैठक । सहमतिका लागि संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिलाई थप समय दिने कि नदिने भन्नेमा दलहरुबीच विवाद ।

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सहमति जुटाउन समितिलाई थप समय दिने कि नदिने भन्नेमा दलहरुबीच पुन विवाद ।

**कार्तिक २९**

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा प्रधानमन्त्री सुशील कोइराला, एमाले अध्यक्ष केपीशर्मा ओली लगायतका नेताहरुसँग छुट्टा छुट्टै भेट । सहमतिको वातावरण बनाउन आग्रह ।

**कार्तिक ३०**

साझा प्रस्तावलाई संविधानसभामा प्रवेशका लागि दबाब दिन संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा रहेका काँग्रेस, एमाले लगायतका दलका सदस्यहरुद्वारा हस्ताक्षर अभियान शुरु ।

एमाले र एमाओवादीका नेताहरुको बैठक । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा देखा परेको गतिरोध हटाउने बारे छलफल ।

एमाओवादीको वैचारिक व्यवस्थापन समितिको बैठक । सदन, सडक र संवाद समितिबाट सत्तपक्षको भण्डाफोर गर्ने निर्णय ।

पार्टी नीति विपरित गतिविधि गरेको भन्दै नेकपा माओवादीको केन्द्रीय समितिद्वारा सचिव नेत्रविक्रम चन्द र खडगबहादुर विश्वकर्मासँग स्पष्टिकरण माग्ने निर्णय ।

**मंसिर १**

साझा प्रस्तावलाई छलफलमा लैजान दबाब दिन भन्दै काँग्रेस, एमाले लगायतका संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका ४३ जना सभासद्द्वारा सभापति बाबुराम भट्टराई सक्षम हस्ताक्षर प्रस्तुत । समितिको बैठक अनिश्चितकालका लागि स्थगित ।

काँग्रेस, एमाले र एमाओवादीको बैठक । साझा प्रस्तावलाई अघि बढाउने कि नबढाउने भन्नेमा विवाद ।

विपक्षी २२ दलिय मोर्चाको बैठक । काँग्रेस, एमाले लगायतका दलहरुले साझा प्रस्ताव संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा पेश गर्न नमिल्ने निष्कर्ष ।

न्यायाधीशहरुको दोस्रो राष्ट्रिय सम्मेलन राजधानीमा शुरु ।

## मंसिर २

संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा एमाओवादी निकट कानून व्यवसायीहरुसँग छलफल । काँग्रेस, एमालेले पेश गरेको प्रस्ताव संविधानसभा नियमावाली विपरित भएको कानून व्यवसायीहरुको भनाइ ।

## मंसिर ३

एमाओवादी सहित विपक्षी २० दलको बैठक । काँग्रेस र एमालेले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा बुझाएको साझा प्रस्तावले सहमतिको वातावरण बिथोलको निष्कर्ष ।

विपक्षी २२ दलको बैठक । संविधानका विवादित विषयबारे नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिहरुलाई जानकारी गराउने निर्णय ।

न्यायाधीशहरुको सम्मेलन सम्पन्न । संवैधानिक अदालत आवश्यक नभएको लगायतका प्रस्ताव पारित ।

## मंसिर ४

संवैधानिक राजनीति संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा सभामुख सुवासचन्द्र नेम्वाङ, राप्रपाका नेता सूर्यबहादुर थापा लगायतसँग भेटघाट । सहमतिका लागि वातावरण बनाइदिन आग्रह ।

एमाले नेताहरुद्वारा मधेसवादी नेताहरुसँग परामर्श । साझा प्रस्ताव छलफलका लागि संविधानसभामा पठाउन सहयोग गर्न आग्रह ।

राप्रपा नेपालद्वारा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ समक्ष ज्ञापन पत्र पेश । संविधानसभाको बैठक बोलाउन माग ।

## मंसिर ५

राष्ट्रपति रामवरण यादव र एमाओवादी पुष्पकमाल दाहालबीच भेटवार्ता । राजनीतिक गतिरोध अन्त्य गर्न आग्रह ।

**मंसिर ६**

संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ सहित बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस, एमाले र एमाओवादीका नेताहरुको बैठक । संविधानका विवादित विषयलाई संविधानसभामा पठाउने सैद्धान्तिक सहमति ।

**मंसिर ७**

एमाओवादी सहित विपक्षी २० दलको बैठक । संविधानसभाका विवादित विषय संवाद समितिबाट संविधानसभामा लैजाने तीन दलबीच भएको सहमतिको विरोध ।

**मंसिर ८**

एमाओवादी सहित विपक्षी २२ दलिय मोर्चाको बैठक । काँग्रेस, एमाले लगायतको प्रस्तावले निर्धारित समयमा संविधान निर्माण हुन नसक्ने भनाइ ।

मधेस केन्द्रीत छ वटा राजनीतिक दलको बैठक । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चालाई पुनः सक्रिय बनाउने निर्णय ।

नेकपा माओवादीका सचिव नेत्रविक्रम चन्दद्वारा नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यसँग सम्बन्ध विच्छेद भएको घोषणा ।

**मंसिर ९**

दक्षिण एसियाली सहयोग संगठन (सार्क) को १८ औं शिखर सम्मेलनका अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी राजधानीमा । समयमा संविधान जारी गर्न राजनीतिक दलका नेताहरुलाई सुझाव ।

**मंसिर १०**

दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठन सार्कको १८ औ शिखर सम्मेलन राजधानीमा शुरु ।

**मंसिर ११**

३६ बुँदे घोषणापत्र जारी गर्दै सार्कको १८ औं शिखर सम्मेलन सम्पन्न ।

**मंसिर १२**

बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस र एमालेको बैठक । राजनीतिक गतिरोध अन्त्यका लागि छलफल अघि बढाउने निर्णय ।

नेकपा माओवादीका सचिव नेत्रविक्रम चन्द पक्षको केन्द्रीय सदस्यहरुको बैठक चितवनमा शुरु ।

**मंसिर १३**

संविधानका विवादित विषयमा छलफल गर्न काँग्रेस, एमाले र एमाओवादीको बैठक । सहमतिमा पुग्न दलहरु असफल ।

संघीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको बैठक । विवादित विषयमा तत्काल सहमति नभए माघ ८ गते संविधान जारी हुन नसक्ने निष्कर्ष ।

मोहन बैद्य नेतृत्वको नेकपा माओवादीको पत्रकार सम्मेलन । संविधानसभा छोड्ने शर्तमा एमाओवादीसँग पार्टी एकता गर्न तयार रहेको भनाई ।

मोहन बैद्य अध्यक्ष रहेको नेकपा माओवादीसँग सम्पर्क विच्छेद गरेको नेत्रविक्रम चन्द पक्षको नाम पनि नेकपा माओवादी नै ।

**मंसिर १४**

मधेशी जनअधिकार फोरम नेपालद्वारा संविधानका अन्तरवस्तु सम्बन्धी अवधारणा तयार ।